# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन

(Proactive Disclosure)

२०८३ बैशाख- असार


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

रोल्पा बहुप्राविधिक शिक्षालय, रोल्पा

फोन नं. ०८६५९४०२६,९८५९८७७५७४

इमेलः rolpapolytechnicinstitute@gmail.com

Info.ctevtrolpa@gmail.com

वेबसाइटः www.rpi.edu.np

## विषय सूची


१. शिक्षालयको स्वरुप र प्रकृति....................२
२. शिक्षालयको काम, कर्तव्य र अधिकार....................२
३. शिक्षालयको संगठन संरचना कर्मचारी संख्या एंव कार्य विवरण....................३
३.१संगठन संरचना....................३
३.२कर्मचारी संख्या....................३
३.३प्रशासन शाखा....................३
३.४परीक्षा शाखा....................३-४
३.५पशु विज्ञान विभाग....................४
३.६वाली विज्ञान विभाग....................४
३.७सूचना प्रविधि विभाग....................४
४.शिक्षालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र समयावधि....................४
५.निर्णय गर्ने प्रक्रिया र अधिकारी....................४
६.निर्णय उपर गुनासो सुन्ने अधिकारी र गुनासो सुन्ने अधिकारी....................५
७.सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी....................५
८.सम्पादन भएका मुख्य कार्यहरुको विवरण....................५
९.सूचना अधिकारी र कार्यालय प्रमुखको नाम, पद तथा सम्पर्क नं....................५-६
१०.ऐन नियम, विनियम, निर्देशिका, कार्यविधि/मापदण्ड....................६-७
११.अनुसूचीः १ नागरिक बडापत्र....................७-८
१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिक्षालयबाट सम्पादन हुने सेवा/कार्यहरुः....................८-९
१३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिशालयको आर्थिक वर्ष २०८२/०८३ त्रैमासिकप्रगति विवरण....................९

### १. शिक्षालयको स्वरुप र प्रकृति:

आधारभुत, मध्यमस्तरीय तथा उच्चस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को एक मात्र जिल्लाको आंङ्गिक शिक्षालय स्थानिय तहमा सहज सरल रुपमा सेवा प्रवाह गर्न २०७४ सालमा यस रोल्पा बहुप्राविधिक शिक्षालय संचालनमा आएको हो । यस शिक्षालय अन्तर्गत डिप्लोमा तह कृषि पशु विज्ञान, वाली विज्ञान, डिप्लोमा तह इन्जिनियरिङ्ग सूचना प्रविधि र प्रि-डिप्लोमा तह सूचना प्रविधि (अप्रेन्टिशीप) कार्यक्रम र ३ वटा छोटो अवधिको सीप मुलक तालीम संचालन हुँदै आएको छ ।


### २. शिक्षालयको काम, कर्तव्य र अधिकार:


शिक्षालयबाट सम्पादन गर्ने कार्यहरु देहाय बमोजिम रहेका छन

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का लागी शिक्षालयको अल्पकालिन तथा दिर्घकालीन योजनाहरु वनाउने ।
- निम्न तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने
- शिक्षालयमा सञ्चालित कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले निर्धारण गरेको कोटा भित्र रहि प्रशिक्षार्थी भर्ना गर्ने ।
- शिक्षालयमा संचालित कार्यक्रमलाई सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- परीक्षासँग सम्वन्धी सम्पूर्ण काम काजहरु सम्पन्न गर्ने ।
- संचालित कार्यक्रमहरुलाई आवश्यक पर्ने मसलन्द तथा अन्य सामाग्रीहरु खरिद गरी व्यवस्थापन गर्ने ।
- विनियोजित वजेटलाई आर्थिक नियम, विनियम, तथा कार्यविधि भित्र रहि कार्यान्वयन गर्ने ।
- छोटो अवधिको सीपमूलक तालीम संचालन गरि सीप परीक्षण गराउने ।
- शिक्षालयको प्रशासनिक तथा प्रशिक्षण कार्य गर्ने गराउने ।

### ३. शिक्षालयको संगठन संरचना कर्मचारी संख्या एंव कार्य विवरण:

### ३.१ संगठन संरचना:






### ३.२ कर्मचारी संख्या:

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिक्षालय अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ का लागी LMBIS मा समावेश गरिएका २५ जना कर्मचारी र ३ जना सुरक्षा कर्मी रहेका छन ।

### ३.३ प्रशासन शाखा:

- शिक्षालयको प्रशासनिक कामकाज गर्ने ।
- शिक्षालयको लेखा सम्वन्धी कामकाज गर्ने ।
- सूचना संकलन तथा सम्प्रेषणसँग सम्वन्धित कामकाज गर्ने ।
- तालीम संचालन र सीप परीक्षण सम्वन्धी कामकाज गर्ने ।

### ३.४ परीक्षा शाखा:

- प्रवेश, वार्षिक, अन्तिम, सेमेष्टर र आन्तरिक मुल्याङ्कन परीक्षा संचालन तथा व्यवस्थापनसँग सम्वन्धित कामकाज गर्ने ।
- परिषद् तथा प्रदेश परीक्षा कार्यालयसँग समन्वय र सहकार्य सम्वन्धि कामकाज गर्ने ।
- परीक्षा आवेदन फाराम र रजिष्ट्रेशन लगायतका परीक्षासँग सम्वन्धित सम्पूर्ण कामकाज गर्ने
- उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशनसँग सम्वन्धित कामकाज गर्ने ।

### ३.५ पशु विज्ञान विभाग:

- प्रशिक्षार्थीहरुको हाजिर गरी रेकर्ड राख्ने ।
- आन्तरिक परीक्षा गराउने र परीक्षाको मार्क परीक्षा शाखामा पेश गर्ने ।
- पशु क्लिनिक तथा पशु फर्महरुको व्यस्थापन गर्ने ।
- पशु विज्ञान विभागसँग सम्वन्धित सम्पूर्ण कामकाज गर्ने ।

### ३.६ वाली विज्ञान विभाग:

- प्रशिक्षार्थीहरुको हाजिर गरी रेकर्ड राख्ने ।
- आन्तरिक परीक्षा गराउने र परीक्षाको मार्क परीक्षा शाखामा पेश गर्ने ।
- कृषि स्टोर तथा कृषि फर्महरुको व्यस्थापन गर्ने ।
- वाली विज्ञान विभागसँग सम्वन्धित सम्पूर्ण कामकाज गर्ने ।

### ३.७ सूचना प्रविधि विभाग:

- प्रशिक्षार्थीहरुको हाजिर गरी रेकर्ड राख्ने ।
- आन्तरिक परीक्षा गराउने र परीक्षाको मार्क परीक्षा शाखामा पेश गर्ने ।
- आइ टि ल्याव व्यस्थापन गर्ने ।
- सूचना प्रविधि विभागसँग सम्वन्धित सम्पूर्ण कामकाज गर्ने ।

## ४. शिक्षालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र समयावधि:

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ बमोजिमका कार्यक्षेत्र सम्बद्ध तथा नेपाल सरकारको प्रचलित कानुनद्धारा तोकिएका कार्यहरुसँग सम्वन्धित सेवाहरु परिषद्, प्रदेश, शिक्षालयले प्रदान गर्दै आइरहेको छ । सूचनाका सम्वन्धमा सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम र विशेष कानुनले अवधि तोकेकोमा सोहि बमोजिम परिषद्, शिक्षालयले सेवा प्रदान गर्ने गर्दछ । शिक्षालयको नागरिक बडापत्र अनुसूची १ मा उल्लेख गरिएको छ ।

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

शिक्षालयका शिक्षालय प्रमुखले विषयको प्रकृति हेरी सोसँग सम्वन्धित शाखा/विभागमा आवश्यक कारवाहीको लागी पठाउने र शाखा/विभाग/शिक्षालय प्रमुखबाट कारबाही अगाडी बढाउने गरिएको छ ।

## ६. निर्णय उपर गुनासो सुन्ने अधिकारी र गुनासो सुन्ने अधिकारी:

शिक्षालय प्रमुख तेज प्रताप दुवे तथा सूचना अधिकारी पवन कुमार खड्का

## ७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिक्षालय अन्तर्गत तपशिल बमोजिम शाखाहरुको व्यवस्था गरिएको छ । यहाँ परिषद्, रोल्पा बहुप्राविधिक शिक्षालयका शाखा/विभाग तथा जिम्मेवार अधिकारीको विवरण प्रस्तुत गरिएको छ ।

| क स | शाखा/विभाग | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १ | प्रशासन शाखा | शिक्षालय प्रमुख | श्री तेज प्रताप दुवे |
| २ | पशु विज्ञान विभाग | प्रशिक्षक | श्री डा. सञ्जिव आचार्य |
| ३ | वाली विज्ञान विभाग | प्रशिक्षक | श्री पवन कुमार खड्का |
| ४ | सूचना प्रविधि विभाग | प्रशिक्षक | श्री शुसिल के सी |

| | | | |
|---|---|---|---|
| ५ | परीक्षा शाखा | प्रशासकिय सहायक | श्री धर्मजित ओली |

**८. सम्पादन भएका मुख्य कार्यहरुको विवरण:**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिक्षालयबाट २०८३ बैशाख देखि असार मसान्तसम्म सम्पादन भएका मुख्य कार्यहरु निम्नानुसार रहेका छन ।

१. शिक्षालयको शैक्षिक सत्र २०८३/०८४ को भर्ना दर वृद्धि गर्ने उद्देश्यले माध्यमिक विद्यालयहरू तथा SEE परीक्षा केन्द्रहरूमा पोस्टर तथा पम्प्लेट वितरण गरी प्रचार-प्रसार गरियो। साथै सम्बन्धित स्थानीय तहहरूसँग आवश्यक समन्वय गरियो। प्रचार-प्रसार अभियानबाट आकर्षित विद्यार्थीहरूको नयाँ भर्ना सम्पन्न गरी नियमित रूपमा कक्षा सञ्चालनको कार्यसमेत सफलतापूर्वक गरियो।
२. 1st year तथा 2nd, 4th and 6th Sem का विद्यार्थीहरूको आन्तरिक परीक्षा सञ्चालन गरियो।
३. छोटो अवधिको तालिम सम्पन्न गरी सीप परीक्षण सञ्चालन गरियो।
४. विद्यार्थीहरूलाई शैक्षिक भ्रमणमा सहभागी गराई अध्ययन-अवलोकन तथा व्यावहारिक सिकाइलाई प्रभावकारी बनाइयो।
५. पशु स्वास्थ्य शिविर सञ्चालन गरी स्थानीय कृषकहरूलाई पशु स्वास्थ्य परीक्षण, उपचार तथा प्राविधिक परामर्श सेवा प्रदान गरियो।
६. शिक्षालयका लागि आवश्यक दराज, टेबल तथा अन्य फर्निचर खरिद गरी व्यवस्थापन गरियो।
७. पशु प्रयोगशाला भवन निर्माण कार्य सम्पन्न गरी प्रयोगशाला सञ्चालनका लागि आवश्यक व्यवस्थापन गरियो।

**९. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम, पद तथा सम्पर्क नं.**

<u>सूचना अधिकारी</u>

नामः श्री पवन कुमार खड्का

पदः प्रशिक्षक वाली विज्ञान

कार्यालयः परिषद्, रोल्पा बहुप्राविधिक शिक्षालय

सम्पर्क नं. ९८५७८७७५७४

Email: Info.ctevtrolpa@gmail.com

<u>शिक्षालय प्रमुख</u>

नामः श्री तेज प्रताप दुवे

पदः शिक्षालय प्रमुख

कार्यालयः रोल्पा बहुप्राविधिक शिक्षालय

सम्पर्क नं ९८५७८२४८९१

## १०. ऐन नियम, विनियम, निर्देशिका, कार्यविधि/मापदण्ड:

**ऐन:**

- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५

**नियमावली:**

- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद नियमावली, २०५१

**विनियमावलीहरु:**

- ✓ प्राविधिक शिक्षालय संचालन सम्वन्धी विनियमावली, २०४९
- ✓ आर्थिक प्रशासन सम्वन्धी विनियमावली, २०६२
- ✓ कर्मचारी सेवा शर्त तथा सुविधा सम्वन्धी विनियमावली, २०६९ (छैटौं संशोधन)
- ✓ परीक्षा सम्वन्धी विनियमावली, २०७१
- ✓ पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली, २०८०
- ✓ प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्वन्धी विनियमावली, २०८१

**निर्देशिकाहरु:**

- ✓ सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम संचालन निर्देशिका, २०७२
- ✓ डिप्लोमा वा प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको सैद्धान्तिक परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन सम्वन्धी निर्देशिका, २०७९
- ✓ प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशीप) प्रशिक्षार्थी छनोट, भर्ना र मुल्याङ्कन निर्देशिका, २०७९ (पहिलो संशोधन २०८०)
- ✓ डिप्लोमा वा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृक्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१
- ✓ प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृक्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१

**अनुसूची: १ नागरिक बडापत्र**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**रोल्पा बहुप्राविधिक शिक्षालय**

रोल्पा न. पा. १ मेवाङ, रोल्पा

**नागरिक बडापत्र (Citizen Charter)**

| क्र स | प्रदान गरिने सेवा सुविधाहरु | न्यूनतम शैक्षिक योग्यता | लाग्ने दस्तुर | लाग्ने समय | सम्पर्क शाखा | आवश्यक कागजातहरु | जिम्मेवार अधिकारी | गुनासो सुन्ने ठाँउ |
|---|---|---|---|---|---|---|---|---|
| १ | नियमित कार्यक्रमहरुः क)डिप्लोमा तह कृषि (पशु विज्ञान) सिट संख्या ४० ख)डिप्लोमा तह कृषि (पशु विज्ञान) सिट संख्या ४० ग)डिप्लोमा तह इन्जिनियरिङ (सूचना प्रविधि) सिट संख्या ४८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिइ SLC/SEE वा सो सरह परीक्षा उत्तीर्ण गरेको र SEE नतिजामा समग्रमा न्यूनतम १.६ GPA लिएको वा परिषदबाट संचालन हुने कार्यक्रमसँग सम्वन्धित(TSLC) Pre-Diploma को कुल पूर्णाङ्क ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तिर्ण गरेको । | CTEVT संचालक समितिले निर्धारण गरे बमोजिम | CTEVT बाट प्रकाशित सूचना अनुसार अवधिः (३ वर्ष, ६ सेमेष्टर | परीक्षा/प्रशासन शाखा | प्रवे परीक्षा आवेदन फारामका साथ<br>-SLC/SEE को चारित्रिक प्रमाण पत्र,लब्धाङ्क पत्र,मूल प्रमाण पत्र<br>-नागरिकताको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपी<br>-३५*४५MM को फोटो दुई थान | उप-प्रमुख/विभागिय प्रमुख | शिक्षालय प्रमुख |
| २ | प्रि-डिप्लोमा तह सूचना प्रविधि (अप्रेन्टिशीप) औद्योगिक प्रशिक्षार्थी तालीम सिट संख्या २० | SLC/SEE वा सो सरहको परीक्षामा सहभागी भएको | निःशुल्क | २४ महिना | परीक्षा/प्रशासन शाखा | -जन्म दर्ता वा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (१६ वर्ष पुगेको हुनुपर्ने)<br>-पासपोर्ट साइजको फोटो<br>-SEE वा सो सरहको परीक्षामा सहभागी भएको प्रमाणपत्रको प्रतिलिपी<br>-दलित जनजाति अपाङ्ग मुस्लिम मधेशी दुर्गम क्षेत्रको विपन्नको हकमा सम्वन्धित निकायको सिफारिस | कार्यक्रम संयोजक/परीक्षा शाखा | शिक्षालय प्रमुख |
| ३ | छोटो अवधिका तालीमहरु संचालन समुदायको माग अनुसार | तालीमको प्रकृति अनुसार /साधारण लेखपढ | निःशुल्क | (NSTB) ।राष्ट्रिय सीप परिक्षण समितिको नियम अनुसार ६५ दिन (३९० घण्टा | परीक्षा/प्रशासन शाखा | (NSTB) राष्ट्रिय सीप परीक्षण समितिको निर्देशिका अनुसार | उप-प्रमुख/विभागिय प्रमुख | शिक्षालय प्रमुख |
| ४ | सीप परीक्षण | (NSTB) राष्ट्रिय सीप परीक्षण समितिको निर्देशिका अनुसार | (NSTB) राष्ट्रिय सीप परीक्षण समितिको निर्देशिका अनुसार | (NSTB) राष्ट्रिय सीप परीक्षण समितिको निर्देशिका अनुसार | परीक्षा/प्रशासन/सम्वन्धित विभाग | (NSTB) राष्ट्रिय सीप परीक्षण समितिको निर्देशिका अनुसार | उप-प्रमुख/विभागिय प्रमुख | शिक्षालय प्रमुख |
| ५ | फारामः | | परीक्षा | केहि घण्टा | परीक्षा/प्र | न्यूनतम शैक्षिक योग्यताको | परीक्षा | शिक्षालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रवेश परीक्षा आवेदन फाराम, परीक्षा आवेदन फाराम, रजिष्ट्रेशन फाराम | | नियन्त्रण कार्यालयको निर्देशन अनुसार | | शासन शाखा/सम्वन्धित विभाग | प्रमाण पत्रहरु, मार्क लेजरको प्रतिलिपी, प्रवेश परीक्षाको प्रवेश पत्र | शाखा/विभागिय प्रमुख | प्रमुख |
| ६ | प्रमाण पत्र<br>क)डिप्लोमा कार्यक्रमको चारित्रिक प्रमाण पत्रहरु<br>ख)छोटो अवधिको तालीमका प्रमाणपत्रहरु<br>ग)NSTB बाट प्राप्त प्रमाणपत्रहरु | | रु.५००/-<br>रु.१५०/- | केहि घण्टा | परीक्षा/प्रशासन शाखा | निवेदन साथ रिजल्टको प्रतिलिपी<br><br>तालिम सम्पन्न भएको क्लियरेन्स् भर्पाई, प्रवेश पत्र, निवेदन | परीक्षा शाखा/विभागिय प्रमुख | शिक्षालय प्रमुख |
| ७ | अन्य सेवाहरु:<br>क)पशु एंव कृषि सम्वन्धि परामर्श सेवा<br>ख)पशु क्लिनिक सेवा<br>ग)पशु स्वास्थ्य शिविर<br>घ)कृषि समुदाय भ्रमण<br>ङ)माटो शिविर तथा प्लान्ट क्लिनिक | | निःशुल्क | आवश्यकता अनुसार | कृषि तथा पशु विभाग | निवेदन | विभागिय प्रमुख | शिक्षालय प्रमुख |
| ८ | नियमित कक्षा संचालन (सैद्धान्तिक तथा प्रयोगात्मक) | | | बर्षै भरी | सम्वन्धित विभाग | | विभागिय प्रमुख/विषय प्रशिक्षक | शिक्षालय प्रमुख/उप-प्रमुख |

**जम्मा अध्ययन शुल्कः ६००००**

**जम्मा गर्नुपर्ने बैंकः नेपाल बैंक लिमिटेड लिवाङ शाखा**

**खातावालाको नामः रोल्पा बहुप्राविधिक शिक्षालय**

**बैंक खाता नम्वरः ०७६००१०६४४१८९००००००२**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिक्षालयबाट सम्पादन हुने सेवा/कार्यहरुः**

| | | |
|---|---|---|
| १ | प्रवेश परीक्षा संचालन | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार |
| २ | विद्यार्थी भर्ना संचालन | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार |
| २ | रजिष्ट्रेशन फाराम संकलन | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार |
| ३ | वार्षिक/सेमेष्टर परीक्षा संचालन | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार |
| ४ | छोटो अवधिको सीप मूलक तालीम संचालन | कार्तिक/मंसिर |
| ५ | छोटो अवधिको सीप मूलक तालीमको सीप परीक्षण | (NSTB) राष्ट्रिय सीप परीक्षण समितिको सूचना अनुसार |
| ६ | पशु क्लिनिक सेवा | वर्षैभरी |
| ७ | पशु शिविर संचालन | चैत्र/बैशाख |
| ८ | नियमित कक्षा संचालन | वर्षै भरी |

**नोटः**

१. नतिजा प्रकाशन भएको मितिले २१ दिन भित्र पुनर्योगका लागी निवेदन दिन सकिनेछ ।

२. यस शिक्षालयबाट जारी भएका कुनै पनि प्रमाणपत्र राम्ररी हेरी बुझिलिनुहुन अनुरोध छ ।

३. आफ्ना शैक्षिक प्रमाणपत्रहरु सुरक्षित र संरक्षण गरी राखुहुन विद्यार्थीहरुमा अनुरोध छ ।

**शिक्षालय प्रमुख**

अनुसूचीः २

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिशालयको आर्थिक वर्ष २०८२/०८३

त्रैमासिक प्रगति विवरण

| क स | नाम | कुल बजेट | त्रैमासिक वजेटको त्रैमासिक प्रगति विवरण (बैशाख- असार सम्म) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् रोल्पा बहुप्राविधिक शिक्षालय | २९१८३००० | ९२.५० | ८०.६९ | |